विधेयक संख्याः

# कर्णाली प्रदेश खेलकुद विकास ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक

प्रदेश सभा सचिवालय

प्रदेश सभा भवन

कर्णाली प्रदेश, सुर्खेत

<u>उद्देश्य र कारण</u>

कर्णाली प्रदेश खेलकुद विकास ऐन, २०७६ को दफा ६ बमोजिम गठन भएको कर्णाली प्रदेश खेलकुद विकास परिषद्को सदस्य-सचिवले परिषद्को प्रशासकीय प्रमुख भई कार्य गर्नुपर्ने भए तापनि निजको पारिश्रमिक सम्बन्धी व्यवस्था ऐनमा उल्लेख नभएकाले संशोधन मार्फत् सदस्य-सचिवको पारिश्रमिक र सुविधा तोक्न साथै सो ऐनमा रहेका कतिपय अस्पष्ट व्यवस्थालाई स्पष्ट पारी समायानुकुल संशोधन गर्नु पर्ने भएकोले "कर्णाली प्रदेश खेलकुद विकास ऐन, २०७६" लाई संशोधन गर्ने विधेयक तर्जुमा गरी पेश गरेको छु।

..............................

(यज्ञ बहादुर बुढा क्षेत्री)

मन्त्री

सामाजिक विकास मन्त्रालय

कर्णाली प्रदेश

## व्याख्यात्मक टिप्पणी

खेलकुदको माध्यमबाट सामुहिक भावनाको विकास गरी कर्णाली प्रदेशका नागरिकलाई स्वास्थ्य, अनुशासित, मर्यादित र गतिशील बनाउँदै प्रदेशमा खेलकुदको विकास गर्ने उद्देश्यले "कर्णाली प्रदेश खेलकुद विकास ऐन, २०७६" मा रहेका कतिपय अस्पष्ट व्यवस्थालाई स्पष्ट पारी समयानुकुल संशोधन गर्न र ऐनको दफा ६ बमोजिम गठन भएको कर्णाली प्रदेश खेलकुद विकास परिषद्को सदस्य-सचिवले उक्त परिषद्को प्रशासकीय प्रमुख भई कार्य गर्नु पर्ने भएता पनि पारिश्रमिक र सुविधा सम्बन्धी व्यवस्था ऐनमा उल्लेख नभएको संशोधन मार्फत् सदस्य-सचिवको पारिश्रमिक र सुविधा तोक्न विधेयक तर्जुमा गरिएको हुँदा साविक ऐनमा भएको व्यवस्थाभन्दा उल्लेखनीय व्यवस्था भएकोले थप व्याख्या गर्न आवश्यक नदेखिएको हुँदा सोही व्यहोरा पेश गरेकोछु।

.............................

(यज्ञ बहादुर बुढा क्षेत्री)<br>
मन्त्री<br>
सामाजिक विकास मन्त्रालय<br>
कर्णाली प्रदेश

# प्रत्यायोजित व्यवस्थापन सम्बन्धी टिप्पणी

कर्णाली प्रदेश खेलकुद विकास ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयकमा मूल ऐनको दफा ४१ पछि ४१क. थप गरी प्रदेश सरकारलाई निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्ने अधिकार दिईएको छ। जसबाट कार्यसम्पादनमा सहजता हुने व्यहोरा सभा समक्ष पेश गर्दछु।

.............................

(यज्ञ बहादुर बुढा क्षेत्री)

मन्त्री

सामाजिक विकास मन्त्रालय

कर्णाली प्रदेश

# आर्थिक टिप्पणी

कर्णाली प्रदेश खेलकुद विकास परिषद्‌को सदस्य-सचिवको पारिश्रमिक र सुविधा तोक्न एवं सो ऐनमा रहेका कतिपय अस्पष्ट व्यवस्थालाई स्पष्ट पारी समयानुकुल संशोधन गर्न आवश्यक भएकोले कर्णाली प्रदेश खेलकुद विकास ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयकमा व्यवस्था भएको कर्णाली प्रदेश खेलकुद विकास परिषद्‌को सदस्य-सचिवले उक्त परिषद्‌को प्रशासकीय प्रमुख भई कार्य गर्नु पर्ने भएकाले पारिश्रमिक र सुविधा सम्बन्धी व्यवस्था गरिएको छ। प्रस्तुत विधेयकको कार्यान्वयनबाट कर्णाली प्रदेश सरकारालाई सालबसाली रुपमा आर्थिक व्ययभार पर्ने देखिन्छ।

..................................

(यज्ञ बहादुर बुढा क्षेत्री)
मन्त्री
सामाजिक विकास मन्त्रालय
कर्णाली प्रदेश

# <u>कर्णाली प्रदेश खेलकुद विकास ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक</u>

**<u>प्रस्तावना:</u>** कर्णाली प्रदेश खेलकुद विकास ऐन, २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, कर्णाली प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम "कर्णाली प्रदेश खेलकुद विकास (पहिलो संशोधन) ऐन, २०७९" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **<u>कर्णाली प्रदेश खेलकुद विकास ऐन, २०७६ को दफा २ मा संशोधनः</u>** कर्णाली प्रदेश खेलकुद विकास ऐन, २०७६ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएको छः-

"(च) "सदस्य" भन्नाले परिषद् वा समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले परिषद्को अध्यक्ष, उपाध्यक्ष र सदस्य-सचिव तथा समितिको अध्यक्ष र सदस्य-सचिवलाई समेत जनाउँछ।"

३. **<u>मूल ऐनको दफा ९ मा संशोधनः</u>** मूल ऐनको दफा ९ को खण्ड (घ) मा रहेको "समितिको" भन्ने शब्दको सट्टा "परिषद्को" भन्ने शब्द राखिएको छ।

४. **<u>मूल ऐनमा दफा १२क. थपः</u>** मूल ऐनको दफा १२ पछि देहायको दफा १२क. थपिएको छः-

"१२क. **<u>सदस्य-सचिवको पारिश्रमिक र सुविधाः</u>** (१) सदस्य-सचिवले प्रदेश सरकारको एघारौं तहको अधिकृत कर्मचारीको शुरू तलब स्केल बराबरको पारिश्रमिक पाउनेछ।

(२) सदस्य-सचिवले परिषद्को कामको सिलसिलामा भ्रमण गर्नु परेमा अध्यक्षद्वारा भ्रमण आदेश स्वीकृत गराउनु पर्नेछ र त्यसरी भ्रमण गर्दा सदस्य-सचिवले प्रदेश सरकारको एघारौं तहको अधिकृत कर्मचारी सरह दैनिक भत्ता र भ्रमण खर्च पाउनेछ।

(३) सदस्य-सचिवले प्रोत्साहन भत्ता लगायत अन्य थप सुविधा पाउने छैन।"

५. **<u>मूल ऐनको दफा १४ मा संशोधनः</u>** मूल ऐनको दफा १४ को उपदफा (२) मा रहेको "समितिले" भन्ने शब्दको सट्टा "परिषद्ले" भन्ने शब्द राखिएको छ।

६. **<u>मूल ऐनको दफा १७ मा संशोधनः</u>** मूल ऐनको दफा १७ को उपदफा (१) मा रहेको "परिषद्का" भन्ने शब्दको सट्टा "समितिको" भन्ने शब्द राखिएको छ।

७. **<u>मूल ऐनमा दफा ४१क. थपः</u>** मूल ऐनको दफा ४१ पछि देहायको दफा ४१क. थपिएको छः-

"**४१क. <u>निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्नेः</u>** प्रदेश सरकारले यस ऐन कार्यान्वयन गर्न आवश्यक निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्नेछ।"

८. **<u>रुपान्तरणः</u>** मूल ऐनको ठाउँ ठाउँमा रहेका देहायका शब्दहरुको सट्टा देहाय बमोजिमका शब्दहरु राखी रुपान्तरण गरिएको छः-

(क) "खेलकुद विकास परिषद्" भन्ने शब्दहरुको सट्टा "कर्णाली प्रदेश खेलकुद विकास परिषद्"।.

(ख)"प्रदेश परिषद्" भन्ने शब्दहरुको सट्टा "परिषद्"।

## कर्णाली प्रदेश खेलकुद विकास ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयकको

## तीन महले विवरण

| क्र.सं. | दफा/ उपदफा | हालको कानूनी व्यवस्था | संशोधनको लागि प्रस्तावित कानूनी व्यवस्था | संशोधन गर्नु पर्नाको कारण |
|---|---|---|---|---|
| १. | कर्णाली प्रदेश खेलकुद विकास ऐन, २०७६ को दफा २ को खण्ड (च) | (च) "सदस्य" भन्नाले परिषद् वा जिल्ला खेलकुद विकास समितिका सदस्य सम्झनुपर्छ र सो शब्दले परिषद् वा जिल्ला खेलकुद विकास समितिको अध्यक्ष र सदस्य–सचिवलाई समेत जनाउँछ।" | **कर्णाली प्रदेश खेलकुद विकास ऐन, २०७६ को दफा २ मा संशोधनः** कर्णाली प्रदेश खेलकुद विकास ऐन, २०७६ (यसपछि "मूल ऐन" भनिएको) को दफा २ को (च) को सट्टा देहायको खण्ड (च) राखिएको छः-<br>"(च) "सदस्य" भन्नाले परिषद् वा समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले परिषद्को अध्यक्ष, उपाध्यक्ष र सदस्य-सचिव तथा समितिको अध्यक्ष र सदस्य-सचिवलाई समेत जनाउँछ "। | भाषागत रूपमा सम्पादन गर्नु पर्ने भएकोले । |
| २. | दफा ९ को खण्ड (घ) | (घ) परिषद्लाई कारणसहितको सूचना नदिई लगातार तीन पटकभन्दा बढी समितिको बैठकमा अनुपस्थित भएमा । | **मूल ऐनको दफा ९ मा संशोधनः** मूल ऐनको दफा ९ को खण्ड (घ) मा रहेको "समितिको" भन्ने शब्दको सट्टा "परिषद्को" भन्ने शब्द राखिएको छ । | कानून तर्जुमागत रूपमा मिलाउन आवश्यक भएको। |

| | | | | |
|---|---|---|---|---|
| ३. | - | हाल व्यवस्था नभएको | **<u>मूल ऐनमा दफा १२क. थप:</u>** मूल ऐनको दफा १२ पछि देहायको दफा १२क. थपिएको छः<br>**"१२क. <u>सदस्य-सचिवको पारिश्रमिक र सुविधा:</u>** (१) सदस्य-सचिवले प्रदेश सरकारको एघारौं तहको अधिकृत कर्मचारीको शुरू तलब स्केल बराबरको पारिश्रमिक पाउनेछ ।"<br>(२) सदस्य-सचिवले परिषद्को कामको सिलसिलामा भ्रमण गर्नु परेमा अध्यक्षद्वारा भ्रमण आदेश स्वीकृत गराउनु पर्नेछ र त्यसरी भ्रमण गर्दा सदस्य सचिवले एघारौं तहको अधिकृत कर्मचारी सरह दैनिक भत्ता र भ्रमण खर्च पाउनेछ ।<br>(३) सदस्य-सचिवले प्रोत्साहन भत्ता लगायत अन्य थप सुविधा पाउने छैन।” | सदस्य- सचिवको पारिश्रमिक, सेवा शर्त र सुविधा सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले। |
| ४. | दफा १४ को उपदफा (२) | (२) उपदफा (१) को खण्ड (च) अन्तर्गत रकम प्राप्त गर्न समितिले नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ। | **<u>मूल ऐनको दफा १४ मा संशोधन:</u>** मूल ऐनको दफा १४ को उपदफा (२) मा रहेको "समितिले" भन्ने शब्दको सट्टा "परिषद्ले" भन्ने शब्द राखिएको छ। | कानून तर्जुमागत रूपमा मिलाउन आवश्यक भएको । |

| | | | | |
|---|---|---|---|---|
| ५. | दफा १७ को उपदफा (१) | (१) पदेन सदस्य बाहेक परिषद्का अन्य सदस्यको पदावधि चार वर्षको हुनेछ, निजहरूलाई बढीमा थप एक कार्यकालसम्म नियुक्ति गर्न सकिनेछ। | **<u>मूल ऐनको दफा १७ मा संशोधनः</u>** मूल ऐनको दफा १७ को उपदफा (१) मा रहेको "परिषद्का" भन्ने शब्दको सट्टा "समितिको" भन्ने शब्द राखिएको छ । | कानून तर्जुमागत रुपमा मिलाउन आवश्यक भएको। |
| ६. | - | हाल व्यवस्था नभएको | **<u>मूल ऐनमा दफा ४१ क थपः</u>** मूल ऐनको दफा ४१ पछि देहायको दफा ४१क. थपिएको छ।<br>**<u>"४१क. निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्नेः</u>** प्रदेश सरकारले यस ऐन कार्यान्वयन गर्न आवश्यक निर्देशिका, कार्यविधि वा मापदण्ड बनाउन सक्नेछ" | कानून तर्जुमागत रूपमा मिलाउन आवश्यक भएको। |
| ७. | - | ऐनको ठाउँ ठाउँमा "खेलकुद विकास परिषद्" र "प्रदेश परिषद्" भन्ने शब्दहरू प्रयोग भएको। | **<u>रुपान्तरणः</u>** मूल ऐनको ठाउँ ठाउँमा रहेका देहायका शब्दहरुको सट्टा देहाय बमोजिमका शब्दहरु राखी रुपान्तरण गरिएको छः-<br>(ग) "खेलकुद विकास परिषद्" भन्ने शब्दहरुको सट्टा "कर्णाली प्रदेश खेलकुद विकास परिषद्"।<br>(घ) "प्रदेश परिषद्" भन्ने शब्दहरुको सट्टा "परिषद्"। | कानून तर्जुमागत रूपमा मिलाउन आवश्यक भएको। |